दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३३९ | बुटवल | २०८२ पौष ०४ गते, शुक्रबार | नेपाल संवत ११४६ | Friday December 19, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## रवि लामिछानेलाई धरौटीमा रिहा गर्न आदेश

बुटवल । उच्च अदालत तुलसीपुरको बुटवल इजलासले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई थुनामुक्त गर्न आदेश दिएको छ ।

सहकारी ठगी प्रकरणमा पुर्पक्षका लागि थुनामा रहेका लामिछानेलाई बिहीबार न्यायाधीश बासुदेव आचार्य र तेजनारायण पौडेलको संयुक्त इजलासले रिहा गर्न आदेश दिएको हो ।

जिल्ला अदालत रुपन्देहीले आफ्नो भागको बिगो रकम दाखिल गर्दा पनि रिहा नगरेपछि लामिछानेले उच्च अदालत तुलसीपुरको बुटवल इजलासमा थुनामुक्तिका लागि निवेदन दिएका थिए ।

आदेशअनुसार उनले आफ्नो भागमा पर्ने २ करोड ७४ लाख ८४ हजार रुपैयाँ बराबरको बिगो बैंक ग्यारेन्टीमार्फत् सुरक्षित गरेपछि रिहा हुन पाउने भएका छन् । साथै विदेश जान पनि पाउनेछन्, तर त्यसका लागि अदालतको पूर्व अनुमति अनिवार्य गरिएको छ ।

रविले सुप्रिम सहकारीबाट प्रवाह भएको रकममध्ये दामासाहीले पर्ने बिगो बैंक जमानत राखी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७१ अनुसार मुद्दाको पुर्पक्ष गर्न पाउँ भनी निवेदन दिएका थिए ।

अदालतले बचतकर्ताको रकम सुनिश्चित गर्ने उद्देश्यले उनले दिएको बैंक जमानत स्वीकार गरिएको उल्लेख गर्दै तोकिएका शर्तअनुसार मुद्दाको कारबाही अघि बढाउन आदेश दिएको छ । आदेशमा लामिछानेलाई रिहा गर्न पाँच शर्त तोकिएको छ । जसमा यसअघिको धरौटी स्वीकार गर्ने, बिगो बापतको बैंक जमानत सुरक्षित गर्ने, विदेश यात्रा गर्दा अदालतलाई पूर्व जानकारी दिने तथा अन्तिम फैसलापछि थप दायित्व ठहरेमा तिर्न मञ्जुर हुने शर्त समावेश छन् । अदालतको आदेश भएपनि रवि लामिछाने बिहीबार भने कारागारबाट छुटेका छैनन् । उनी शुक्रबार भैरहवा आउने तयारीमा जुटेका छन् । आवश्यक कागजी प्रक्रिया मिलाउन उनी भैरहवा आउन लागेका हुन् ।

रास्वपा स्रोतका अनुसार उनी आज बिहान फ्लाइटमार्फत भैरहवा आउने तयारीमा छन् । उच्च अदालत बुटवलको आदेश जिल्ला अदालत रुपन्देहीमा पुग्नुपर्छ । बिहीबार कार्यालय समय सकिइसकेकोले शुक्रबारमात्रै जिल्ला अदालतमा उच्चको आदेश पुग्नेछ । सोहीअनुसार रवि भैरहवा जाने तयारीमा लागेका हुन् ।

### औद्योगिक प्रदर्शनी सुरु

## चुनावबाहेक अर्को विकल्प खोज्नु हुन्न : अर्थमन्त्री खनाल

बुटवल । अर्थमन्त्री रामेश्वर खनालले फागुन २१ मा तोकिएको मितिमा निर्वाचनको विकल्प खोज्न नहुने बताएका छन् ।

बुटवलमा रुपन्देही उद्योग संघले आयोजना गरेको १६औं राष्ट्रिय औद्योगिक प्रदर्शनी कृषि, प्रविधि तथा पर्यटन महोत्सवको उद्घाटन गर्दै अर्थमन्त्री खनालले निर्वाचनको विकल्प खोजिए अर्को राजनीतिक अस्थिरता निम्तिने र मुलुक फेरि अनिश्चयको बाटोमा धकेलिने बताए । 'तोकिएको मितिमा निष्पक्ष, स्वतन्त्र र भयरहित वातावरणमा चुनाव गराउन सरकार निर्वाचन कार्यतालिका अनुसार अघि बढेको छ,' अर्थमन्त्री खनालले भने-'आमरुपमा अहिले चुनावको विकल्प छैन, विकल्प खोज्नु भनेको अर्को प्रकृतिको राजनीतिक अस्थिरता निम्त्याउनु र मुलुकलाई फेरि अनिश्चयको बाटोमा धकेल्नु हो भन्नेमा राजनीतिक दल, सरकार र नेपाललाई सहयोग गर्ने विदेशी मित्र राष्ट्रहरु सहमत छन् ।'

निर्वाचन सम्पन्न गरी सत्ता हस्तान्तरण गर्नु अहिलेको सरकारको प्रमुख कार्यभार रहेको उल्लेख गर्दै अर्थमन्त्री खनालले सुशासन दिने र भ्रष्टाचारमुक्त समाज निर्माण गर्नु सरकारको दायित्व भएको बताए । नयां निर्वाचित सरकारले मात्रै संविधान संशोधन र राजनीतिक सुधारको काम अघि बढाउने उनले स्पष्ट पारे ।

अर्थमन्त्री खनालले राजनीतिक स्थिरता विना आर्थिक सूचक राम्रा हुन नसक्ने बताए । अन्तरिम सरकारले करका दर हेरफेर गर्ने गरी नीति र कानुन परिवतर्न गर्न नसक्ने अर्थमन्त्री खनालले स्पष्ट पारे ।

जेनजी आन्दोलनको केही समयसम्म मुलुकको अर्थतन्त्रबारे अन्यौलता उत्पन्न भए पनि विस्तारै अर्थतन्त्र लयमा आउन थालेको उनले बताए । विदेशी मुद्रा सञ्चिती, भुक्तानी सन्तुलन, पर्याप्त बैंकिङ तरलता, इतिहासमै कम मूल्यवृद्धि जस्ता सूचकले लगानीको वातावरण बन्नुपर्नेमा अझै बन्न नसकेको स्वीकारे ।

रुपन्देही उद्योग संघको आयाजनामा सञ्चालित प्रदर्शनी उद्घाटन समारोहमा प्रदेश सांसद भोजप्रसाद श्रेष्ठ, बुटवल उपमहानगरका प्रमुख खेलराज पाण्डे, नेपाल उद्योग परिसंघका लुम्बिनी अध्यक्ष एजाज आलम, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याललगायतले बुटवललाई प्रदेशको आर्थिक केन्द्र बनाउनुपर्नेमा जोड दिए ।

संघका अध्यक्ष कृष्ण पराजुलीले उद्यमशीलताको विकास, औद्योगिक र कृषि प्रविधिबारे जानकारी, उद्योगी र उपभोक्ताहरूको सोझो सम्पर्कको स्थापना, उत्पादित वस्तुहरूको बजार प्रवर्द्धन र गुणात्मक प्रतिस्पर्धाको विकास, उद्योगीहरूका बीचमा समस्या, अवसर र चुनौतीबारे अन्तरक्रिया, सूचना र प्रविधिको विकास, विस्तार र आदान-प्रदान, पर्यटनको विकास, समयसान्दर्भिक गोष्ठी, अन्तरक्रिया र कार्यशालाको आयोजना गरिने बताए । प्रदर्शनीमा ८ लाख दर्शकले अवलोलकन गर्ने र ३० करोडको आर्थिक कारोबार हुने लक्ष्य राखिएको प्रदर्शनी प्रबन्धक यादव भण्डारीले जानकारी दिए ।

प्रदर्शनीलाई मनोरञ्जनात्मक बनाउन लोकदोहोरी प्रतियोगिता, नेपालका ख्याति प्राप्त लोक तथा आधुनिक गायक गायिका, हास्य कलाकार, ब्याण्डहरुको सांगीतिक प्रस्तुति, विद्यालयस्तरीय लोकनृत्य तथा वक्तृत्वकला प्रतियोगिता, प्रदर्शनी आइडल, भजन लगायतका प्रतियोगिताहरु दैनिक सञ्चालन हुने महासचिव सुमन बस्यालले बताए ।

**उत्कृष्ट औद्योगिक पत्रकारिता पुरस्कार आचार्यलाई**

उद्घाटन समारोहमा उत्कृष्ट औद्योगिक पत्रकारिता पुरस्कार-२०८१ बाट पत्रकार प्रकाश आचार्य पुरस्कृत भएका छन् । नेपाल पत्रकार महासंघ रुपन्देही र रूपन्देही उद्योग संघद्वारा स्थापित पुरस्कार आचार्यलाई प्रदान गरिएको हो । आचार्यलाई अर्थमन्त्री डा. रामेश्वर खनाल र संघका अध्यक्ष कृष्णप्रसाद पराजुलीले ४८ हजार १५५ रुपैयाँ राशीसहित सम्मानपत्र र दोसल्लाले पुरस्कृत गरेका हुन् । २०६८ देखि बुटवलमा क्रियाशील पत्रकार आचार्य लोकान्तरका लुम्बिनी प्रदेश संवाददाता हुन् ।

### एमाले महाधिवेशन :

# नेतृत्वमा अध्यक्षसहित ओली पक्षको बर्चश्व




बुटवल । नेकपा एमालेको अध्यक्षमा केपी शर्मा ओली तेस्रो पटक निर्वाचित भएका छन् । पदाधिकारीमा पनि ओली पक्ष हाबी भएको छ ।

अध्यक्षमा प्रतिस्पर्धा गरेका ईश्वर पोखरेल प्यानलबाट दुईजना गोकर्ण विष्ट (उपाध्यक्ष) र योगेश भट्टराई (उप-महासचिव) मात्रै विजयी भए ।

उपाध्यक्षमा ओली प्यानलका ३ जना उम्मेदवार निर्वाचित भएका छन् । ईश्वर पोखरेल प्यानलका एक र स्वतन्त्र एक उपाध्यक्षमा विजयी भएका छन् । ओली प्यानलबाट उपाध्यक्षमा दोहोरिनेहरूमा विष्णु पौडेल र रामबहादुर थापा रहेका छन् । पौडेलले १ हजार ६ सय ७५ मत ल्याउँदा थापाले १ हजार ५ सय १६ मत प्राप्त गरे । त्यस्तै पूर्वउपमहासचिव पृथ्वीसुब्बा गुरुङले लोकप्रिय मत (१७३७) प्राप्त गर्दै उपाध्यक्षमा विजयी भएका हुन् ।

त्यस्तै पूर्वसचिवसमेत रहेका गोकर्ण विष्ट पोखरेल समूहबाट १ हजार ३ सय ६८ मतसहित उपाध्यक्षमा विजयी भएका छन् । संस्थापन पक्षबाट उपाध्यक्षको उम्मेदवार सूचीमा नपरेपछि स्वतन्त्र उम्मेदवारी दिएका रघुजी पन्त पनि १ हजार २ सय ५८ मतसहित विजयी भएका छन् । महासचिवमा ओली प्यानलकै शंकर पोखरेल निर्वाचित भएका छन् । उनी यसअघि पनि महासचिव थिए । उनी १२ सय २८ मतसहित निर्वाचित भएका हुन् । उनका प्रतिस्पर्धी सुरेन्द्रप्रसाद पाण्डेले ९९९ मत ल्याए ।

उप-महासचिवमा ओली प्यानलकै लेखराज भट्ट र रघुवीर महासेठ तथा पोखरेल प्यानलका योगेश भट्टराई विजयी भएका छन् । भट्टले १४५२, महासेठले १३६८ र योगेश भट्टराई १३४८ मत ल्याए ।

९ सचिवमा भने सबै ओली प्यानल नै निर्वाचित भयो । जसमा सबैभन्दा धेरै मत महेश बस्नेतले प्राप्त गरेका छन् ।

बस्नेतले १५४४ मत पाए । यस्तै, दोस्रो स्थानमा पद्माकुमारी अर्याल (१५३०) छिन् । छविलाल विश्वकर्माले १५०६, शेरधन राईले १५०३, हिक्मतकुमार कार्कीले १३३७, खगराज अधिकारीले १२३१, यामलाल कँडेलले ११८५ र राजन भट्टराईले (११८१) मत ल्याई सचिवमा निर्वाचित भएका छन् । भानुभक्त ढकाल पनि ११०८ मतसहित सचिवमा निर्वाचित भए । केन्द्रीय सदस्यमा पनि ओली प्यानलको सूचिमा परेकाहरु नै अधिकांश विजयी भएका छन् ।

मेरो उपादेयता सकिएको छैन : ओली

ओलीले आफू बिनाको एमाले बनाउने चाहना ध्वस्त भएको बताएका छन् ।पार्टीका प्रतिनिधिले एघारौं महाधिवेशनबाट पुनः अध्यक्षमा आफूलाई तेस्रो कार्यकालका लागि निर्वाचित गरेसँगै ओली बिनाको एमाले बनाउने चाहना ध्वस्त भएको बताएका हुन् ।

आफूलाई पार्टीको नेतृत्वबाट हटाउन भइरहेको षड्यन्त्रविरुद्ध अध्यक्षमा विजयी गराएर पार्टी प्रतिनिधिले जवाफ दिएको उनको तर्क छ । जेनजी आन्दोलनबाट सत्ताच्यूत भएका ओलीले पार्टी महाधिवेशनले अध्यक्षमा चुनेसँगै आफ्नो उपदेयता नसकिएको प्रष्ट भएको दाबी गरेका छन् ।

पार्टीको नयाँ नेतृत्व चयनका लागि भएको चुनावमा २२६३ कूल मतदातामध्ये २२२७ प्रतिनिधि मतदानमा सहभागी भएको प्रति अध्यक्ष ओलीले खुशी व्यक्त गरे ।

उनले महाधिवेशन नियमित प्रक्रिया भए पनि सजिलो काम नभएको बताए । साथै उनले देशभरका प्रतिनिधिले सबै नेताको उचित मूल्याकंन गर्नै नसक्ने ठोकुवा समेत गरे ।

केन्द्रीय कमिटी बैठक आज

नेकपा एमालेको नवनिर्वाचित केन्द्रीय कमिटीको पहिलो बैठक आज बस्ने भएको छ । आजदिउँसो १ बजे बैठक बस्ने भएको हो ।

काठमाडौंको कार्की बैंक्वेटमा दिउँसो १ बजे बैठक आह्वान गरिएको छ । एघारौं महाधिवेशनबाट निर्वाचित केन्द्रीय कमिटीका सदस्यहरूले बिहीबार नै शपथ ग्रहण गरिसकेका छन् ।

# ६२ वर्षपछि एक करोड मुआब्जा




स्याङ्जा । जिल्ला प्रशासन कार्यालय स्याङ्जाले लामो समयदेखि उपयोग गर्दै आएको जग्गाको झण्डै ६२ वर्षपछि जग्गाधनीले मुआब्जा पाएका छन् । पुतलीबजार नगरपालिका-१ का जग्गाधनी श्यामप्रसाद श्रेष्ठले ६२ वर्षपछि प्रशासन कार्यालयले उपयोग गर्दै आएको जग्गाको मुआब्जा पाएका हुन् ।

श्यामप्रसादका बाजे शिवलाल श्रेष्ठले १९९५ मा पाटे दर्ता र बुवा गुञ्जमान श्रेष्ठले २०२२ सालमा भूमिसुधार ७ नम्बर फाराम भरेर भोगचलन गरेका श्रेष्ठ परिवारको २७८० नम्बर कित्ताको ५.१२.१.२ जग्गाको मुआब्जा वापत माग गरे अनुरुप एक करोड रुपैयाँ पाएका छन् । स्थानीय मुआब्जा समितिको निर्णय अनुसार सर्वोच्च अदालतले आठ वर्षअघि गरेको फैसला कार्यान्वयनको क्रममा गत कात्तिक २४ गते मन्त्रिपरिषद्ले गरेको निर्णय बमोजिम श्रेष्ठले परिवारले मुआब्जा वापतको रकम पाएका छन् ।

सरकारले मुआब्जा दिने निर्णय गरेको एक महिनापछि स्थानीय मुआब्जा समितिको निर्णयअनुसारकै रकम बैंक खातामा आएको छ । मन्त्रिपरिषद्को निर्णयपश्चात् नेपाल सरकारले प्रशासन कार्यालयमार्फत् रकम पठाएको र प्राप्त रकम जग्गाधनीलाई मुआब्जा वापत भुक्तानी गरेको प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद अर्यालले जानकारी दिए ।

जग्गाको क्षतिपूर्ति पाउने आशामा सर्वोच्च अदालत पुगेको चार वर्षमा २०७४ जेठ ९ गते सर्वोच्चका न्यायधिश दीपककुमार कार्की र अनिलकुमार सिन्हाले छ महिनाभित्र जग्गाको शोधभर्ना वा क्षतिपूर्ति दिनु भन्ने आदेश गरेका थिए । श्रेष्ठले आफ्नो जग्गाको खोजीमा राजदरबार, गृह मन्त्रालय, जिल्ला प्रशासन, भूमिसुधार, मालपोत तथा वन मन्त्रालय र कार्यालयमा पुगेको बताए ।

२०६९ कात्तिक २ गते मुआब्जा समितिले रकम दिन नपर्ने निर्णय गरेको थियो ।

» बाँकी ३ पेजमा




# सम्पादकीय

## महोत्सव, प्रदर्शनी समृद्धिका सारथी

लुम्बिनी प्रदेशको आर्थिक, शैक्षिक र व्यापारिक केन्द्रका रूपमा स्थापित बुटवल पछिल्ला वर्षहरूमा मेला-महोत्सवको महत्वपूर्ण गन्तव्य बन्दै गएको छ। कृषि, उद्योग, पर्यटन, व्यापार, संस्कृति र मनोरञ्जनलाई समेटेर आयोजना गरिने यस्ता मेला-महोत्सवले शहरको आर्थिक चलायमानता बढाउनुका साथै आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धनमा उल्लेखनीय योगदान पुऱ्याइरहेका छन् ।

मेला-महोत्सवको प्रत्यक्ष प्रभाव स्थानीय अर्थतन्त्रमा देखिन्छ। मेला सञ्चालन अवधिमा होटल, रेष्टुरेण्ट, यातायात, खुद्रा व्यापार, हस्तकला, कृषि उत्पादन र साना व्यवसायहरूमा कारोबार उल्लेख्य रूपमा बढ्ने गरेको छ। स्थानीय किसान, उद्यमी र व्यवसायीले आफ्ना उत्पादन प्रदर्शन र बिक्री गर्ने अवसर पाउँदा आम्दानी बढ्ने मात्र होइन, बजार विस्तारको सम्भावनासमेत सिर्जना हुन्छ । यसले स्वरोजगारलाई प्रोत्साहन दिनुका साथै स्थानीय पूँजीलाई स्थानीयमै घुमाउने वातावरण बनाउँछ।

यस्ता मेला-महोत्सव पर्यटन प्रवर्द्धनका दृष्टिले पनि उत्तिकै महत्वपूर्ण छन् । देशका विभिन्न जिल्ला र सीमावर्ती भारतीय क्षेत्रबाट आउने दर्शक र पर्यटकले बुटवलको पहिचान, संस्कृतिलाई नजिकबाट बुझ्ने अवसर पाउँछन्। मेला अवधिमा हुने सांस्कृतिक कार्यक्रम, परम्परागत खानाको प्रदर्शनी र स्थानीय कला-संस्कृतिको प्रस्तुतिले बुटवललाई केवल व्यापारिक शहर मात्र नभई सांस्कृतिक र पर्यटकीय गन्तव्यका रूपमा चिनाउन मद्दत गर्छ। यसले दीर्घकालमा पर्यटकको बसाइ अवधि बढाउने र पुनः भ्रमणको सम्भावना बढाउँछ।

मेला-महोत्सवले शहरको सामाजिक जीवनलाई पनि चलायमान बनाउँछन्। परिवार, युवा र व्यवसायीबीच भेटघाट र सहकार्यको वातावरण सिर्जना हुन्छ। नयाँ प्रविधि, नवीन सोच र उद्यमशीलताको आदान-प्रदानले बुटवललाई आधुनिक र प्रतिस्पर्धी शहरतर्फ अग्रसर गराउँछ। विशेषगरी स्टार्टअप र घरेलु उद्योगका लागि यस्ता मेला उत्कृष्ट प्लेटफर्म बन्न सक्छन् । यद्यपि, मेला-महोत्सवको प्रभावकारी व्यवस्थापनमा ध्यान दिनु अपरिहार्य छ । ट्राफिक व्यवस्थापन, सरसफाइ, सुरक्षाका साथै स्थानीय बासिन्दाको दैनिक जीवनमा पर्न सक्ने असरलाई न्यूनीकरण गर्न आयोजक र स्थानीय तहबिच समन्वय आवश्यक छ।

समग्रमा, बुटवलमा आयोजना हुने मेला-महोत्सव केवल मनोरञ्जनका साधन मात्र होइनन्, यी आर्थिक चलायमानता, रोजगारी सिर्जना र पर्यटन प्रवर्द्धनका महत्वपूर्ण आधार हुन् । यस्ता गतिविधिलाई व्यवस्थित, समावेशी र दिगो बनाउँदै लैजान सके बुटवलले प्रदेशकै नमूना आर्थिक तथा पर्यटकीय शहरको रूपमा आफ्नो पहिचान अझ बलियो बनाउन सक्छ।

रुपन्देही उद्योग संघले आयोजना गरेको १६औँ औद्योगिक प्रदर्शनी, कृषि, प्रविधि तथा पर्यटन महोत्सवलाई सफलताको शुभकामना !

# एमालेको ११औं महाधिवेशन



विनबहादुर कुँवर

नेकपा (एमाले) को ११औं पार्टी महाधिवेशन सम्पन्न भएको छ। पूर्व एमाले अध्यक्ष केपी ओली नै पुनः अध्यक्षमा चुनिएका छन्। यो उनको तेस्रो पदाधिकारी अर्थात् हेट्रिक चयन भएको छ। पहिलो कार्यकालमा माधवकुमार नेपाललाई चुनावी परिणामबाट हराएर विजय भएका ओली दोस्रोमा भीम रावल र अहिले तेस्रोमा ईश्वर पोखरेललाई पराजय गरेर अध्यक्ष बनेका छन्। त्यही अनुरुप अन्य पदाधिकारीहरुको पनि चयन भएको छ। निर्वाचनमा गएपछि हारजित स्वाभाविक नै हुन्छ। यसलाई अन्यथा भन्न मिल्दैन तर केपी ओलीका लागि भने यी सबै निर्वाचन एउटा इगो र प्रतिष्ठाका विषय बन्दै आएका छन् । पहिलो निर्वाचन अर्थात् माधवकुमार नेपालविरुद्ध भएकाले स्वतः त्यो प्रतिष्ठाकै निर्वाचन थियो किनकि माधव एमालेका वर्षौंसम्मका महासचिव नेता थिए। तर पछिका यी हरेक पार्टी अध्यक्ष पदका लागि भएका निर्वाचन पनि उनको प्रतिष्ठाका विषय बन्ने गरेका छन्। प्रतिष्ठा यस अर्थमा कि त्यो पहिलो पार्टी अध्यक्षता पछि उनमा एउटा इगो जागेर आयो आफू सबैको सर्वमान्य एमाले नेता। यसरी उनको विरुद्ध पार्टी चुनावी प्रतिष्ठा गर्नु एमाले पार्टीविरुद्ध भएको उनको ठम्याई रह्यो।

यही ठम्याई अनुरुप १०औं महाधिवेशनमा उनीविरुद्ध चुनावी प्रतिस्पर्धामा उत्रेका भीम रावललाई उनले देख्नै सकेनन् । प्रमुख दुष्मन जस्तै व्यवहार गरेर उनलाई जबर्जस्त पार्टीबाट नै हटाई छाडे । मानौं एमाले पार्टी उनको एकलौटी विर्ता हो । त्यसमा कसैले हक दाबी गरे त्यसको त्यहाँ कुनै खैरेत रहँदै रहन्न। हटी जानै पर्दछ। जस्तो एउटा जंगलमा दुई बाघ मिली नबसे जस्तै। ठीक यो प्रक्रिया अब यो एघारौं पार्टी महाधिवेशनमा पनि ईश्वर पोखरेलमाथि लागू हुने निश्चित जस्तै छ । जस्तो यो ११औं महाधिवेशन सम्पन्न नहुँदै एमाले महाधिवेशन प्रचार प्रसारका लागि केही टेलिभिजनहरुले ओली र ईश्वर पोखरेलबिचको प्रतिस्पर्धाको समाचार बनाउने क्रममा ओली र पोखरेलका भनाइको अंशमा ओलीले पार्टीमा यताउति तलमाथि गरे हातको अभियन गर्दै झाप्पु हानिन्छ भनेका छन्। त्यो अभिनय हो बाघ पंजाको झाप्पु। जसले जो कुनैलाई पनि ठहरै पार्न सक्छ। जुन ओलीको बाघ पञ्जे झाप्पु पहिले माधव-झलनाथलाई दोस्रो भीम रावल तेस्रो झाप्पु विधा भण्डारी र अबको अन्तिम झाप्पु ईश्वर पोखरेलमाथि बर्जर्दै छ।

तर एमाले अध्यक्ष ओलीले यति छिट्टै बिर्सिसकेका छन् कि गत भाद्र २३-२४ आफूमाथि बर्सेको जेनजीहरुको झाप्पु। उनी आफैले त्यति बेला भनेका थिए पाँच मिनेट मात्रै सेनाले हेलिकोप्टरद्वारा उद्धार नगरेको भए जेनजीहरुले आफूलाई सिद्धाइदिने रहेछन्। हुन पनि देउवा दम्पत्तिको हालत के भयो ? अझ ओली दम्पत्तिको हालत त त्योभन्दा कयौं गुना बढी रोमानियाका तत्कालीन शासक चाउ चेस्को जस्तै अवस्था हुने निश्चित नै भइसकेको थियो । त्यही भएर लाटा गाउँको गाढा तन्नेरी हुनुभन्दा यथार्थ जुन हैसियत आफ्नो छ त्यसै मुताविक चल्दा राम्रो हुनेछ, क. ओलीलाई सुझाव । ओलीले मानुन् वा नमानुन् वर्तमान सुशीला कार्की नेतृत्वको सरकार नै अहिलेको प्रमुख राज्य सत्ता हो । त्यसलाई देशी तथा विदेशी प्रतिक्रियावादी तत्वको समर्थन र सहयोग अहिलेसम्म पनि छँदैछ। यो सरकारसँग सुरुदेखि नै ओलीले सिउरी खेल्दै अर्थात् मान्दिन हाईहुईको सरकार आदि इत्यादि भन्दै डुकिर्दै हिंडिरहेका छन् । अब छिट्टै भाद्र २३/२४ गतेको लागि बयान दिन आयोगले उनलाई बोलाइसकेको छ । उक्त बयानमा उनी नजाने भन्दै डुर्कर्दै हिंडे पनि अन्ततः यो सबै हरुवा गोरुको छेरुवा दाउ मात्रैमा सीमित हुनेछ । उस्तै परे ओलीलाई गिरफ्तार गरी थुनिनेसम्म हुनेछ । त्यो बेला अहिले उनलाई बोक्दै हिंड्ने सबै तै चुप मै चुप भई बस्नुभन्दा अरु केही हुने छैन। भिरबाट लड्ने गाईलाई सबैले रामराम त भन्छन् तर काँध चाहिं कसैले पनि थाप्न सक्दैन । ठीक यस्तै हालत जस्तो हिजो देउवा दम्पत्तिको भयो त्यस्तै हालत क. ओलीको पनि हुन सक्छ।

जुन फूर्ति हिजो ओलीको थियो त्यो अब घट्दै जान थालेको छ । हिजो भीम रावललाई जसरी खेदियो त्यस्तै अब ईश्वर पोखरेल र विद्या भण्डारीलाई खेद्ने स्थिति रहने देखिदैन। एमालेमा अब ओली विरुद्ध एउटा च्यानल बनिसक्यो। त्यसलाई भत्काउन अब ओलीबाट सम्भव छैन । दिनप्रतिदिन ओलीको शक्ति घट्दो र विद्या-ईश्वरको शक्ति बढ्दो देखिन थालेको छ। अब कुनै दिन ओली एक्लै हुने दिन पनि नआउला भन्न सकिंदैन। जे होस् यो एमाले महाधिवेशनमा ओलीले बाजी मारे पनि खासमा हारेका छन् भने ईश्वरले अंक गणित हारेमा पनि सारमा जितेका छन् । पार्टीमा एकछत्र असनको साँडे जस्तै छाडा भई हिंडेका ओलीका लागि अब त्यति सजिलो छैन। ओलीकाविरुद्ध औला उठिसके । खुलम्खुला ओलीविरुद्ध एमाले पार्टीमा फरक मत देखा परिसक्यो । ओलीको एकमनावाद र निरंकुशताकाविरुद्ध आवाज मात्रै होइन सिंगो एउटा पंक्ति नै खडा भइसकेको छ। तै पनि अहिले यो महाधिवेशनमा त्यति धेरै ओलीविरुद्ध आवाज उठाइएन।

पहिलो प्रश्न त ओलीलाई हिजो माओवादीसितको एकता अनि फुटको जिम्मेवारी कसले लिने ? त्यस्तै फेरि कहिले माओवादीसित भने कहिले कांग्रेससित सत्ता गठबन्धन गर्दा गर्दै अन्ततः जेनजी आन्दोलनलाई रोक्न नसक्नु र आफैँ भागी बाँच्नु पर्नेको जिम्मेवारी लिने कि नलिने ? राजनीतिक नैतिकता भए ओलीले अध्यक्षबाट नै राजीनामा दिई राजनीतिक सन्यास लिइसक्नु पर्ने हुन्थ्यो । पहिले नै यी प्रश्न उठाई आउन सकेको भए विद्या-ईश्वर पक्ष अहिले नै सफल भइसकेको हुन्थ्यो। हुन त मानवताका कारण पहिले नै यसो गरिहाल्नु त्यति राम्रो नभए पनि राजनीति र विचारमा यस्तो हुँदैन। बेलैमा खबरदारी गरी हाल्नुपर्ने हुन्छ । जसको फाइदा उल्टै अहिले केपी ओलीले लिइसकेका छन् । तैपनि अब एमाले पार्टीभित्र यी प्रश्न उठाइनु पर्दछ। नत्र भने फेरि पनि ओलीको एकमना र निरंकुशतावादी झाप्पु ईश्वर पोखरेल समूहले खाने निश्चित नै छ।

हुन पनि एमाले पार्टीमा ओलीले जे गर्दा पनि छुट । कोही पनि बोल्नै नसक्ने । बोले भीम रावल-विद्या भइने डर। यतिसम्मकि आज एमाले पार्टीमा जबजको बडो तानातानी छ। तर हिजो माओवादी पार्टीसित एकता गर्दा जबज हापिओ । तर प्रश्न कसैले उठाएन । त्यस्तै हिजो ७० वर्षे पदाधिकारी हद म्याद, दुई कार्यकाल आदि राखियो । त्यो पनि हटाइयो । पटकपटक विद्यालाई पार्टीमा आउन सकिन्छ भनियो। तर पछि आउन दिइएन । विधान महाधिवेशनमा पदाधिकारी संख्या हटाउने निर्णय गरियो, तर फेरि अहिले पहिले जस्तै थप्ने निर्णय भयो । जंगे बोल्यो भने बोल्यो बोल्यो भने जस्तै एमालेमा ओली बोले जे पनि हुने, प्रश्न उठाउन कसैले नपाइने, यो कस्तो पार्टी जनवाद हो ? अब यसप्रति एमालेमा प्रश्न उठ्छ कि उठ्दैन ? हेर्न बाँकी छ। अहिले खाली पदका लाग मात्र हो कि पछिसम्म पनि यो विवाद उठाइने हो ? हुनतः निम्न पुँजीवादी बुर्जुवा पार्टीमा यस्तै हुन्छ। राजनीति, विचार र सिद्धान्तभन्दा बढी विवाद र हानथाप पद, प्रतिष्ठा र कुर्सीकै लागि हुन्छ । नाममा एमाले पार्टी कम्युनिष्ट भनिए पनि खासमा यो पार्टी बुर्जुवा नै हो। बुर्जुवा पार्टीको मूल विशेषता भनेकै पद, प्रतिष्ठा कुर्सी नै हो । त्यसैले एमाले पार्टीभित्र देखिएको यो पदीय विवादका पछाडि पनि यसैले काम गरेको हुन सक्छ। अन्त्यमा जे होस् एमालेभित्रको यो पदीय चुनावी विवादले ओलीको एकमनावाद र निरंकुशतामाथि केही अंकुस लाग्ने निश्चित नै छ । यस अर्थमा एमालेका अरु महाधिवेशनभन्दा यो अलि पृथक हुने चाहिं देखिन्छ।

# 'कालीगण्डकी र आँधीखोलामा जल पर्यटनको ठुलो सम्भावना'

संघीय नेपाल बनेसँगै पछिल्ला दिनमा लगानीको वातावरण बन्दै गएको थियो । भूकम्प र कोभिडले थला पारेको आर्थिक अवस्था सुधारन्मुख थियो । देशमा व्यवसायीहरु लगानी वृद्धि गर्दै थिए । विस्तारै आर्थिक गतिविधि चलाएमान, आर्थिक क्षेत्रले लय समाउन र रोजगारी सृजनातर्फ उन्मुख थियो। विगतको तुलनामा पछिल्ला वर्ष निर्यात ह्वात्तै बढेको थियो। व्यवसायीहरु उत्पादन वृद्धि र पर्यटकीय क्षेत्रको विकास र विस्तारले उत्साहित थिए। तर राजनीतिक दलहरुमा देखिएको लाचारीपन, बढ्दै गएको भ्रष्टाचार, रोजगारीको खोजीमा दैनिक हजारौं युवाहरु विदेश पलायन रोकिएको थिएन् । नीतिको मुलनीति राजनीतिबाट आजित भएका जेनजीयुवाहरुले भदौ २३ र २४ गते गरेको आन्दोलनबाट नेपालको अर्थतन्त्रमा ठूलो धक्का लाग्यो । आन्दोलनका क्रममा निजी क्षेत्रका ठूला प्रतिष्ठिानहरु आक्रमणको केन्द्र बने। आन्दोलनपछि व्यवसायीहरु त्रसित बनेका छन्। वर्तमान सरकारले व्यवसायीको अपेक्षा अनुरुप काम गर्न सकिरहेको छैन।

पछिल्ला समय देशमा देखिएको आर्थिक अवस्था, जेनजी आन्दोलनपछि बनेको सरकारको कार्य सम्पादन, व्यवसायीको अवस्था र देशको वर्तमान अर्थतन्त्रको अवस्था र समसामयिक विषयमा २०१३ सालमा स्थापित, नेपाल उद्योग वाणिज्य महासंघ स्थापनाका समयमा संस्थापक सदस्य रहेको संस्था, स्याङ्जा जिल्लाका व्यावसायिकहरुको व्यापारिकक साझा संस्था स्याङ्जा जिल्ला उद्योग वाणिज्य संघ स्याङ्जाका अध्यक्ष ***महादेव श्रेष्ठ***सँग पत्रकार ***प्रकाश डोटेल***ले समसामयिक विषयमा गरेको कुराकानीको सम्पादित अंश।

» ***पछिल्लो आर्थिक अवस्थालाई कसरी हेर्नु भएको छ ?***

२०७२ सालको भूकम्प त्यसबाट उठ्ने कोसिस गरिएको सयमा देखिएको कोभिडको कारण थला परेको आर्थिक अवस्था सुधारोन्मुख थियो, तर भर्खरै भाद्र २३ र २४ गतेको जेनजी आन्दोलनका कारण अहिलेको अवस्था अत्यन्त भयवह बनेको छ। व्यवसायीहरु त्रसित छन् । बजार चलायमान हुन सकेको छैन । लगानीको वातावरण बिथोलिएको छ, लगानीको वातावरण बनिरहेको छैन । बैंक तथा वित्तीय संस्थामा पैसा थुप्रिएको छ। तर व्यवसायीहरु जोखिम मोल्न सकिरहेका छैनन्। निर्यात घटेको छ। आयात तीव्र रुपमा बढी रहेको अवस्था छ। आर्थिक र राजनीति तरल अवस्थामा छन्। यहि तरल अवस्थामा केही महत्वपूर्ण निर्णय लिन सके हामी माथि उठ्न सक्ने अवस्थाको सृजना गर्न सकिन्छ।

» ***जेनजी आन्दोलन अघि र पछिको आर्थिक अवस्थालाई कसरी मूल्याङ्कन गर्नु हुन्छ ?***

२०८२ भाद्र २३ र २४ गतेको जेनजी आन्दोलनभन्दा अगाडि देशले आर्थिक प्रगति गरिरहेको विगत लामो समयदेखि सुस्ताएको आर्थिक अवस्थामा लयमा आउँदै थियो। विकास निर्माणका कामले विस्तारै गति लिइरहेका थिए । विश्वभरीका पर्यटकले नेपाललाई सुरक्षित पर्यटकीय गन्तव्यको रुपमा हेरिरहेको अवस्था थियो। देशको आर्थिक अवस्था चलायमान बन्दै थियो। जेनजी आन्दोलनको क्रममा व्यवसायिक संस्था माथि जुन प्रकारले आक्रमण गरी तहसनहसको अवस्था सिर्जना गरियो यसको जति विरोध गरे पनि कम नै हुन्छ। आन्दोलनभन्दा अघिको अवस्थामा पुग्न र त्यस अनुरुपमको आर्थिकलय समात्न मुलुकलाई केही वर्ष अवश्य नै लाग्ने छ। विभिन्न आन्दोलनको नाममा निजी क्षेत्रमाथि आक्रमण गरिनुले मुलुकभित्र रहेर उद्योग व्यवसाय गरेका सानाठूला सबै उद्योगी व्यवसायीले असुरक्षा महशुस गरेको र मनोबल गिरेको अवस्था छ। व्यवसायीको सुरक्षा, लगानीको वातावरण तयार पार्दै आयातमुखी अर्थतन्त्रलाई सबैको सहकार्यमा निर्यातमुखी बनाउनुपर्ने चुनौतीका बीचमा उभिएका छौं।

» ***जेनजी आन्दोलनले निजी क्षेत्र त्रसित छ, सरकारले कस्तो नीति लिए लगानीको वातावरण बन्ने थियो ?***

जेनजी आन्दोलनबाट प्रभावित बनेको निजी क्षेत्रलाई फेरि पनि ट्र्याकमा ल्याउनका निमित्त राजनीतिक स्थिरता र सुशासन, हुनुपऱ्यो साथै वर्षौं दुःख गरेर बनाएको आर्थिक, नैतिक हैसियतको सुरक्षाको प्रत्याभूति हुनुपऱ्यो । साना तथा ठूला व्यवसायीहरुलाई अनावश्यक दुःख हैरानी दिनुभएन । व्यवसायीका सम्पूर्ण कामहरु सहज र सरल बनाउनका निमित्त एकद्धार प्रणालीमार्फत् काम र सेवा सम्पादन हुनुपऱ्यो र लगानीमैत्री वातावरण बनाउनका निमित्त नेपाल सरकार, बैंक वित्तीय संस्थाहरु र सरोकारवाला निकायहरुले सहुलियत दरका आकर्षक प्याकेजहरु ल्याउन आवश्यक छ। असुरक्षा र लगानीमैत्री वातावरण तत्काल सृजना नभएर व्यवसायी पलायन हुने अवस्था आउन सक्छ।



महादेव श्रेष्ठ
अध्यक्ष
जिल्ला उद्योग वाणिज्य संघ, स्याङ्जा

» ***बैंकमा तरलता बढ्दो, लगानी लगानीको वातावरण छैन। व्यवसायीले किन जोखिम पठाउन नसकेको ?***

तपाईंको माथिका सबै प्रश्न नै यसको सही उत्तर हुन भन्ने मलाई लाग्छ। बैंकमा निक्षेप थुप्रिएको छ तरलता बढ्दो छ। कुनै पनि व्यवसायीले लगानी गर्दा लगानीको सुरक्षा र प्रतिफललाई केन्द्र विन्दुमा राखेको हुन्छ। जेनजी आन्दोलपछि व्यवसयी पूर्णरुपमा ढुक्क रहेको अवस्था छैन। बैंकमा आर्थिक तरलता छ भने देशमा राजनीतिक तरलता छ, यस्तो अवस्थामा कुनै पनि व्यवसायीले जोखिम उठाउन सक्दैनन्। सुरक्षाको ग्यारेन्टी छैन। व्यवसायीलाई प्रोत्साहन गर्ने नीति तथा कार्यविधिहरु तयार गरेर लागु गर्न नसक्दा नै देशमा आर्थिक असुरक्षा बढ्दै गएको छ।

» ***गत भदौ २३-२४ को जेनजी आन्दोलनलाई कसरी हेर्नुहुन्छ ?***

देशमा नवयुवाहरु राजनीतिक रुपमा सचेत हुनु अत्यन्तै सकारात्मक पक्ष हो । देशमा व्यप्त भ्रष्टाचार, बेथिति र अन्यको विरुद्ध नवयुवाहरु एक ठाउँमा आएर आन्दोलित हुनुलाई उनीहरुको समकालिन राजनीति प्रतिको वितृष्णाको प्रतिविम्बको रुपमा लिन सकिन्छ । नवयुवाहरुको आन्दोलन देशको हितको पक्षमा रहेपनि आन्दोलनको क्रममा भएको अराजक र विध्वंशकारी गतिविधिबाट देशले आज ऐतिहासिक र अवपूणरीय क्षति व्यहोरेको छ । सचेत युवाहरुले आन्दोलनलाई गम्भीर रुपमा लिएर अगाडि बढाए पनि आन्दोलनमा देखिएका कमिकमजोरीको फाइदा उठाएर अराजक गतिविधि गर्ने वर्गले देशमा विध्वंश मच्चाएर तहसनहस बनाएरको अवस्था छ।

» ***जेनजी आन्दोलनमा निजी क्षेत्र माथिको हमला नियोजित थियो वा दुर्घटना ?***

जेनजी आन्दोलनको क्रममा निजी क्षेत्रमाथि भएको हमलाको विषयमा न्यायिक छानबिन हुनुपर्दछ नियोजित थियो वा दुर्घटना त्यो छानबिनले नै देखाउला, तर देशको मेरुदण्डको रुपमा रहको निजी क्षेत्रमाथिको हमला अक्षम्य छ । कानुन बमोजिमको छानबिन र दोषी देखिएका दोषका भागिदारहरु कारबाहीको दायरामा ल्याएर राज्यले आमनागरिक र व्यवसायीलाई सरकारले सुरक्षाको अनुभूति दिलाउनुपर्ने दायित्व छ। विश्वका जुनसुके देशमा विभिन्न खालको आन्दोलन त हुन्छ, तर भाद्र २४ गतेको जस्तो अराजक, अक्षम्य आन्दोलनको परिणाम बन्नै सक्दैन्।

» ***निजी क्षेत्रको मनोबल खस्केको अवस्था छ, लगानीको अवस्था अन्यौल छ। निजी क्षेत्र अब कसरी अगाडि बढ्नुपर्छ ?***

जेनजी आन्दोलनपछि व्यवसायीहरुको खस्केको मनोबल उठाउन ठूलो भूमिका रहन्छ, राज्यको । दुःख परेको अवस्थामा निजी क्षेत्र गुहार्ने, तर अन्य अवस्थामा निजी क्षेत्रलाई बेवास्ता गर्ने व्यवहार गर्नु हुँदैन। अहिले सरकार र निजी क्षेत्र हातेमालो गरेर अगाडि बढ्नुपर्ने बेला आएको छ। व्यवसायीहरुलाई उत्साहित पार्ने किसिमका नीति निर्माण गरी उद्योग, व्यवसाय, केन्द्रित राहतका कार्यक्रमहरु ल्याउन जरुरी छ । व्यवसायीलाई लगानीमैत्री, राहतका प्याकेट, भोलि वा पर्सि ल्याउला भनेर हुँदैन । निजी क्षेत्रको खस्केको मनोबल उठाउन सुरक्षाको ग्यारेन्टी, लगानी अनुकूलको वातावरण र राहतका प्याकेज घोषणा गर्नुको विकल्प छैन्। त्यो पनि अझ तत्काल।

» ***स्याङ्जामा जेनजी आन्दोलनको खास्सै प्रभाव देखिएन्, जिल्लाको आर्थिक अवस्था कस्तो छ ?***

भाद्र २३ र २४ गते काठमाडौं, ठूला शहरहरु पोखरा, बुटवल नारायणघाट र अन्य जिल्लामा भए जस्ता ठूला घटनाहरु स्याङ्जामा त भएनन्। तर देशका ठूला शहरमा भएपछि हाम्रो जस्तो सानो जिल्ला प्रभावित हुँदोरहेछ । जिल्लामा उद्योग कलकारखाना नभए पनि यहाँबाट निकासी हुने साना वा ठूला कच्चा पदार्थहरु निकासी नहुने रहेछ । जिल्लामा उत्पादित कृषिजन्य वस्तुहरुको सहज निकासी नहुँदा दैनिक जीवनयापनमा समस्या उत्पन्न हुनेरहेछ । कामको खोजिमा जिल्ला बाहिर भएका, रोजगारीको सिलसिलामा जिल्ला बाहिर बसोबास गर्नेहरु प्रभावित बन्दा त्यसको आश्रयमा बसोबास गर्ने नागरिकहरु स्वभाविक रुपमा प्रभावित बनेका छन् । स्याङ्जा जिल्ला नजिकै रहेका ठूला शहर पोखरा, बुटवल र नारायणघाटलाई औद्योगिक शहर बनाउँदा जिल्लाका उत्पादन निर्यात हुने थियो र यहाँको कृषकहरु उत्पादनसँगै जोडिने भएकाले आर्थिक अवस्थामा सकारात्मक परिवर्तन आउने थियो।

» ***स्याङ्जा जिल्लाको सम्भावना भएका क्षेत्रमा राज्यले के गर्दा राम्रो हुन्थ्यो ?***

स्याङ्जा एक पहाडी जिल्ला भएका नाताले यहाँको पर्यटन, कृषि र जलविद्युत्को अथाह सम्भावनालाई राज्यले लगानी गरेर वा लगानी आकर्षित गरेर अगाडि बढाउन सके राम्रो हुन्थ्यो । तराई र पहाड जोड्ने सबैभन्दा सजिलो र छाटो दुरीको सिद्धार्थ राजमार्गको समयमै स्तरोन्नती गरेमा बुटवल-पोखरा, पोखरा-मुक्तिनाथ जोड्न सके पर्यटन क्षेत्रको ठूलो सम्भावनाको ढोका खुल्ने थियो। स्याङ्जामा उत्पादित सुन्तला विदेश निर्यात गर्न सके करोड हात पार्ने जिल्लाका किसानले अर्बौं हात पार्ने थिए। अदुवा, कफीको व्यावसायिक उद्यम बनाउन सकेमा आर्थिक श्रोत बढ्ने थियो नै रोजगारीको सृजना हुने थियो। कालीगण्डकी र आँधीखोलामा हाइड्र्याम निर्माण गरेर जलविद्युत्का परियोजना सञ्चालन गर्न सके पर्यावरण पर्यटन प्रवर्धनमा ठूलो योगदान दिन सक्ने थियो । कृषिमा देखिएको आधुनिकीकरणलाई उत्पादन र निर्यातसँगै अगाडि बढाउन सके सुनमा सुगन्ध हुने थियो। जिल्लाका बहुसंख्यक कृषकहरुको आर्थिक अवस्थामा माथि उठ्ने थियो । कृषिलाई आम्दानीसँग जोड्न सके राम्रो र व्यवस्थित हुने थियो।

» ***जिल्लाको व्यावसायिक वातावरण कस्तो छ ?***

स्याङ्जामा ठूला औद्योगिक प्रतिष्ठानहरु छैनन् । जिल्लामा भएका साना र ठूला करिब सबै व्यवसायसेवामुखी व्यवसाय छन् । अध्ययन र कामको खोजिमा दैनिक रुपमा जिल्लाबाट सयौ युवायुवतीहरु विदेश पलायन भएका छन् । अध्ययन गर्ने र कामको खोजिमा विदेश जानेहरु नवयुवाहरुलाई देशमै रोक्न सके उनीहरुले गर्ने नयाँ सृजनालाई राज्यले प्रोत्साहन गर्न सके थप व्यावसायिक वातावरण बन्दै जाने थियो। स्थानीयस्तरमा रहेका कुटिर उद्योगबाट उत्पादित वस्तुलाई निर्यातमुखी बनाउन सके लगानीको वातावरण सृजना र व्यावसायिक वातावरण बन्दै जाने थियो । भारतीय र बेलायती सेनामा भर्ति हुने प्रचलनमा जोडिएका मगर गुरुङ र नेवार समुदायको सांस्कृतिक सभ्यता र विदेशबाट भित्रिएको रेमिट्यान्सलाई रोजगारी सृजनासँग जोड्न सके जिल्लाको थप विकास र समृद्धि हुने थियो। जिल्लामा उत्पादनका दृष्टिले ठूलो परिणामका सुन्तला, कफी, अदुवा, मासु, दूध र अण्डालाई व्यावसायिक उत्पादन र बहुआयामिक उपयोगमा ल्याउन सके थप राम्रो र व्यावसायिक वातावरण बन्ने थियो।

» ***अन्त्यमा जिल्लालाई आर्थिक रुपमा अगाडि बढाउने केही पृथक उपायबारेमा केही भन्नु छ ?***

स्याङ्जा जिल्ला आर्थिक रुपमा जेजस्तो अवस्थामा छ, सामाजिक रुपमा ल्याउन सकिने परिवर्तनका बारेमा यहाँको राजनीतिक दल, स्थानीय सरकार, उद्योगी व्यवसायी र आमनागरिकबिचमा बृहत् एकता र सम्वादबाट नयाँ सोंचका साथ जिल्लाको कृषि, पर्यटन र विद्युत् विकासमा लगानीको वातावरण सृजना गर्दै समुचित विकास गर्न सके आर्थिक र सामाजिक क्षेत्रमा समयानुकूल परिवर्तनसँगै आयआर्जनमा जोडिने र अर्थोपार्जन गर्न सक्ने वातावरण बनाउन सकिने थियो । स्याङ्जा सदरमुकामबाट करिब ८ किलोमिटरको दुरीको गुडीखोलामा सुरुङ्मार्ग बनाउने सके पोखरासँग जोडिने थियो। सिद्धार्थ राजमार्ग विस्तारसँगै भारतीय पर्यटक यहि राजमार्गबाट ल्याउन सके जिल्लाले हरेक दृष्टिकोणमा आर्थिक परिवर्तन ल्याउने सक्ने थियो। यी सबै परिवर्तन गर्न हामी सबैकाबिचमा निःस्वार्थ हातेमालो र सहकार्य गर्नु जरुरी छ।

# भेरी अस्पतालमा पहिलोपटक नवजात शिशुको सिकलसेल परीक्षण निःशुल्क

नेपालगञ्ज । भेरी अस्पताल नेपालगञ्जमा नवजात शिशुको सिकलसेल एनिमियाको निःशुल्क परीक्षण हुने भएको छ। यसअघि एक वर्षको बच्चाको परीक्षण गरेर सिकलसेल थाहा पाउने उपकरण अस्पतालमा थियो।

अहिले नयाँ र अत्याधुनिक उपकरण ल्याइएको बताउँदै अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा.निराजन सुवेदीले योसँगै बच्चा जन्मेको २४ घण्टामा सिकलसेल परीक्षण गरी रिर्पोट लिन सकिने जानकारी दिए। उनले प्रदेश सरकारले विसं २०७९ मा खरिद गरेको उक्त उपकरण बुटवलबाट ल्याएर सञ्चालन गरिएको उल्लेख गर्दै पछिल्लो दुई दिनमा चार जना नवजात शिशुको परीक्षण भएको जानकारी दिए।

"यो उपकरण पहिलोपटक भेरी अस्पातलमा सञ्चालनमा ल्याइएको हो । योसँगै भेरी अस्पतालमा पहिलोपटक नवजात शिशुको सिकलसेल परीक्षण निःशुल्क गर्ने छौं ।"-डा. सुवेदीले भने । उनका अनुसार यसबाहेक भेरी अस्पताल नेपालगञ्जमा सिकलसेल एनिमियाका लागि १६ शैयाको सिकलसेल वार्ड सञ्चालनमा ल्याइएको छ । बिरामीको रगत परीक्षणका लागि 'डेकेयर' सेन्टर पनि सञ्चालनमा रहेको मेसु सेवेदीले जानकारी दिए।

भेरी अस्पतालका सिकलसेलसम्बन्धी जानकार डा.राजन पाण्डेले यो रोग समयमा पत्ता नलाग्दा कतिपय नवजात शिशुको अकालमा ज्यान जाने गरेको उल्लेख गर्दै नवजात शिशुमा सिकलसेल देखिए तीन महिनापछि पाँच वर्षसम्म थप खोप र औषधि सेवन गराउनुपर्ने जानकारी दिए । डा.पाण्डेले समयमा समस्या पत्ता लाग्दा उपचार सुरु गर्न सकिने जानकारी दिँदै भने- "बच्चा जन्मेको २४ घण्टामा परीक्षण गरेर समस्या छ वा छैन निश्चित गर्न सकिन्छ । यो सहज र प्रभावकारी विधि भएकाले ढुक्क भएर शिशुको परीक्षण गर्न/गराउन सकिन्छ ।" डा.पाण्डेले थारु समुदायमा जनस्वास्थ्यको समस्याका रूपमा रहेको सिकलसेल अन्य जातिमा पनि भेटिने गरेको बताउँदै भेरी अस्पतालमा जन्मने बच्चाका अभिभावकको अनुमतिमा निःशुल्क परीक्षण हुने जानकारी दिए।

बच्चा जन्मदै सिकलसेल देखिएमा नौ महिना भएपछि पहिलो दादुरारुबेला खोप लगाउनाले समयमा पुनः परीक्षण गरी सिकलसेल, बिटा थालेसेमियालगायत अन्य हेमोग्लोबिनोप्याथी भए/नभएको थप पुष्टि गर्न सकिने व्यवस्था मिलाइएको उनको भनाइ छ । डा.पाण्डेले सिकलसेल, थालेसिमिया नियन्त्रण, न्यूनीकरणका लागि जनचेतना आवश्यक रहेकामा जोड दिँदै पश्चिम नेपालमा सिकलसेलको समस्या थारुबाहेक अन्य समुदायमा पनि विस्तारै देखिन थालेको जानकारी दिए।

# दोस्रो लुम्बिनी क्लासिक राष्ट्रिय डेडलिफ्ट प्रतियोगिता हुने

बुटवल । यही पुष ४ र ५ गते बुटवलमा "दोस्रो लुम्बिनी क्लासिक राष्ट्रिय डेडलिफ्ट प्रतियोगिता-२०२५" हुने भएको छ । शक्ति खेलका रुपमा रहेको पावर लिफ्टको विभिन्न ३ विधा मध्येको एक डेडलिफ्टका देशभरका खेलाडीहरुको सहभागिता रहने उक्त प्रतियोगिताको तयारी पूरा भएको बुधबार बुटवलमा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो ।

एक्टीभ जीम एण्ड फिटनेश, बुटवलको आयोजना तथा लाइफका लागि फिजिकल फिट्नेस, तिलोत्तमा र अशोक फिट्नेसको सह-आयोजनामा हुन लागेको प्रतियोगिताको संरक्षकमा राष्ट्रिय खेलकुद परिषद, लुम्बिनी खेलकुद परिषद्, बुटवल उप-महानगरपालिका तथा नेपाल पावरलिफ्टिङ एशोशियसन र नेपाल खेलकुद महासंघको सहकार्य रहेको छ ।

प्रतियोगितामा विभिन्न उमेर तथा तौल समूहका १० वटा विधामा प्रतिष्पर्धा गराउन लागिएको प्रतियोगिताका संयोजक एवं एक्टीभ जीम एण्ड फिटनेसका सञ्चालन सञ्जिव क्षेत्रीले जनाएका छन् । प्रतियोगितामा पुरुषतर्फ ६२ केजी मुनि, ६२ देखि ६९ सम्म, ६९ देखि ७७ सम्म, ७७ देखि ८५ सम्म र ८५ केजीभन्दामाथि तौल समूहमा प्रतिष्पर्धा हुनेछ भने महिलातर्फ ५८ केजी मुनी, ५८ देखि ६४ सम्म र ६४ देखि माथि तौल समूह गरी ३ विधामा प्रतिस्पर्धा हुने संयोजक क्षेत्रीले जनाएका छन् ।

यसैगरी स्पेशल विधाअन्तरगत पुरुष मास्टरर्समा ४५ केजी तौलभन्दा माथि र जुनियरमा अन्डर २३ केजीको प्रतिष्पर्धा गराइने छ ।

प्रतियोगितामा सहभागी पुरुष विधाका विजेताले ८ हजार नगदसहित मेडल, दोस्रो हुनेले ६ हजार नगदसहित मेडल तथा तेस्रो हुनेले हजार नगदसहित मेडल प्राप्त गर्ने छन् । प्रतियोगितामा उत्कृष्ट पुरुष तथा महिला खेलाडी छनौट गरिने छ । उत्कृष्ट खेलाडी लुम्बिनी क्लासिक पावरलिफ्टिङ च्याम्पियन हुनेछ । पुरुष च्याम्पियनले ५१ हजार नगद तथा महिला च्याम्पियनले ३१ हजार नगद प्राप्त गर्ने क्षेत्रीले बताए । प्रतियोगितामा देशभरबाट करिव १ सय खेलाडीहरुको सहभागिता हुने जनाइएको छ । प्रतियोगिता सम्पन्न गर्न १६ लाख २५ हजार खर्च हुने अनुमान गरिएको छ ।

पत्रकार सम्मेलनमा नेपाल शारीरिक सुगठनका केन्द्रीय उपाध्यक्ष सीतु श्रेष्ठ, जिल्ला अध्यक्ष राजकुमार श्रेष्ठ, नेपाल खेलकुद महासंघका जिल्ला अध्यक्ष समुन्द्र श्रेष्ठ, नेपाल खेलकुद पत्रकार मञ्च रुपन्देहीका अध्यक्ष सुमन अधिकारीलगायतले प्रतियोगिताले युवाहरुको शारीरिक शक्तिको प्रदर्शन र विकाससँगै आत्मविश्वास बढाउने कुरामा जोड दिन आग्रह गरेका थिए ।

# स्याङ्जा आलु उत्पादनमा आत्मनिर्भर

स्याङ्जा । मौसमी तथा बेमौसमी बाली उत्पादनमा वृद्धि भएसँगै खाद्यान्न उत्पादनमा स्याङ्जा आत्मनिर्भर बन्दै गएको छ । खेतीयोग्य जमिनको क्षेत्रफल घट्दै गएपनि उत्पादकत्व बढेपछि स्याङ्जा खाद्यान्न उत्पादनमा आत्मनिर्भर बन्दै गएको हो । मासु, अण्डा र दूध उत्पादनमा आत्मनिर्भर बनेको स्याङ्जा पछिल्लो समय आलु उत्पादनमा आत्मनिर्भर बनेको छ ।

वार्षिक रुपमा खपत हुने परिणामको तुलनामा बढीमात्रामा आलु उत्पादन भएपछि स्याङ्जा आलुमा आत्मनिर्भर भएको हो । जिल्लामा झण्डै दुई हजार एक सय हेक्टर क्षेत्रफलमा आलु खेती गरिन्छ । प्रतिहेक्टर १७ मेट्रिकटन उत्पादकत्व रहेको आलु वार्षिक रुपमा करिब ३५ हजार सात सय मेट्रिकटन उत्पादन हुनेछ ।

गएको आर्थिक वर्ष २०८१/०८२ मा झण्डै दुई हजार हेक्टरमा करिब ३३ हजार मेट्रिकटन आलु उत्पादन भएको थियो । पछिल्लो वर्ष आलु खेती गरिने क्षेत्रफल बढेर दुई हजार एक सय हेक्टर पुग्दा उत्पादकत्व बढेर ३५ हजार ७ सय मेट्रिकटन उत्पादन हुने जिल्ला कृषि विकास कार्यालयले जनाएको छ ।

छिटपुट समेत गरी जिल्लामा झण्डै ४० हजार मेट्रिकटन आलु उत्पादन हुने गरेको कार्यालयले जानकारी दिएको छ । जिल्लामा उत्पादित झण्डै ३५ हजार सात सय मेट्रिकटन आलुमध्ये २३ हजार मेट्रिकटन आन्तरिक रुपमा खपत हुने गरेको कार्यालयका कृषि अर्थविज्ञ नारायण पाठकले बताए । कुल उत्पादनको करिब ५ प्रतिशत अर्थात दुई हजार मेट्रिकटन नोक्सानी र झण्डै चार हजार मेट्रिकटन आलु बिउको रुपमा प्रयोग हुने गरेको अर्थविज्ञ पाठकले जनाए । 'आन्तरिक रुपमा खपत हुने २३ हजार, नोक्सानीमा जाने दुई हजार र बिउका रुपमा प्रयोग हुने चार हजार गरी झण्डै २९ हजार मेट्रिकटन आलु खपत भएको मान्नुपर्छ,' उनले भने-'खपत भएर कुल बचत भएको झण्डै ६ हजार सात सय मेट्रिकटन आलु आन्तरिक र बाह्य बजारमा निर्यात हुँदै आएको छ ।'

खपत भएर कुल बचत भएको आलु बिक्रीबाट कृषकले मनग्य आम्दानी लिन भने नसकेको उनले बताए ।

भण्डारण गर्ने चिस्यान केन्द्र प्रविधियुक्त नहुँदा कृषकले आलु आम्दानीबाट मनग्य आम्दानी लिनबाट वञ्चित हुँदै आएका छन् । उत्पादन हुने समयमै अधिकांश आलु सस्तो मूल्यमा बिक्री गर्न कृषकहरु बाध्य भएका छन् । भण्डारणको राम्रो सुविधा भएमा कृषकले आलुको उचित मूल्य पाउने थिए ।

आलु भित्र्याउने बेला २५/३० रुपैयाँमा प्रतिकिलो बिक्री गर्दै आएका कृषकले बेमौसमी समयमा प्रतिकिलो झण्डै ८०/९० रुपैयाँमा आलु खरिद गर्न बाध्य छन् ।

जिल्लामा करिब २५ करोडको लागतमा बनेका झण्डै १५ वटा चिस्यान केन्द्रमा बिउ आलुमात्रै भण्डारण गरिँदै आएको छ । खपत भएर बचत भएको आलुलाई भण्डारण गर्न सके उचित मूल्यमा स्थानीय बजारमा बिक्री गर्न सकिने आलु उत्पादक कृषक नारायण रेग्मीले बताए । भण्डारणको अभावमा कृषकले उब्जाउ गरेको आलुबाट लागत समेत उठाउन नसकेको रेग्मीले सुनाए ।

जिल्लाका ११ पालिकामध्ये पुतलीबजार, भीरकोट, वालिङ, गल्याङ र चापाकोट नगरपालिका आलु उत्पादन पकेट क्षेत्र हुन् । पुतलीबजारको ठूलिबेशी, लामागे, लाम्पाटा, भीरकोटको बयरघारी, पकान, डौवा, वालिङको आँधीखोला किनार, गल्याङ्को जिमुवा, मालुङ्गा र चापाकोटको सुन्तलीटार, बोटेटार, दामाचौर फाँटमा अधिक मात्रामा आलु उत्पादन गरिन्छ ।

### ६२ वर्षपछि...

सट्टाभर्ना वापत दिएको ३२६ नम्बर कित्ताको ५.७.२१ क्षेत्रफलको जग्गा सरकारकै नाममा वनजङ्गल दर्ता रहेको थियो । आफ्नो जग्गामा प्रशासन कार्यालय बसेको र मुआब्जा समितिले दिनु नपर्ने निर्णय गरेसँगै जग्गाको सट्टाभर्ना वा मुआब्जा दिनु/दिलाउनु भनी परमादेशको माग गर्दै श्रेष्ठल २०७० जेठ ७ गतेमा सर्वोच्च पुगेका थिए ।

सर्वोच्चको फैसलाको तीन वर्षपछि २०७७ मा प्रजिअको संयोजकत्वमा गठित मुआब्जा समितिअन्र्तगत तत्कालिन प्रजिअ रामबहादुर कुरुबाङ्ले जग्गाको मूल्य एक करोड रुपैयाँ निर्धारण गरी गृह मन्त्रालयमा पठाएका थिए । साविकको नुवाकोटमा रहेको जिल्ला सदरमुकाम २०२० पुतलीबजार सारिएको थियो । श्रेष्ठको स्वामित्वको जग्गामा बनेको प्रशासन भवन अब सरकारको भएको छ भने निर्णय कार्यान्वयनमा आएसँगै श्रेष्ठले रकम पाएपछि मुद्दा मामिला समेत सकिएको छ ।

वर्षौं वर्षदेखि मुद्दा मामिला चलेको र सर्वोच्चको फैसला तथा मुआब्जा समितिको निर्णयअनुसार रकम पाएको बताउँदै श्रेष्ठले आफ्नो जग्गाको मूल्य धेरै भए पनि एक करोडमा चित्त बुझाएको सुनाए ।

सर्वोच्चको फैसला बमोजिम मुआब्जा वापतको रकम दाजुभाइलाई १३ प्रतिशत र आफूलाई ८७ प्रतिशत भाग लगाएर लिएको जग्गाधनी श्रेष्ठले जनाए ।

**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय**
**भूमि व्यवस्थाका तथा अभिलेख विभाग**
## मालपोत कार्यालय चन्द्रौटा कपिलवस्तु

## मालपोत कार्यालय चन्द्रौटाबाट प्रकाशित हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना ।

मिति :- २०८२/०९/०३

जिल्ला कपिलवस्तु, साविक महदैया गा.वि.स. वडा नं. ३ हाल कृष्णनगर नगरपालिका वडा नं.१० बस्ने लल्ला बनियाको नाति द्वारिका वनियाको छोरा बद्री वनियाको मिति २०५९।१०।२८ मा मृत्यु भएको, निजको एकमात्र पत्नी चम्पा वनियाको मिति २०३३ साल अगावै मृत्यु भएको, निज दम्पतिबाट जाय जन्म भएको एकमात्र छोरा राम विलास प्रसाद गुप्ता भएको अविवाहित छोरी नभएकोले मृतक ज.अ. बड़ी बनियाको निजको एकमात्र पत्नी चम्पा वनियाको समेत जिवित छदाँ सेवा सम्भार, औषधी उपचार र मृत्यु पश्चात परम्परा अनुसार दाह संस्कार, काज क्रिया समेत निवेदक राम विलास प्रसाद गुप्ताले गरेको हुदाँ ज.ध. बद्री बनियाको नाममा नापी नक्सा भई फिल्डबुक समेत कायम भएको तर जग्गा दर्ता गर्न छुट भएको जिल्ला कपिलवस्तु महदैया गा.वि.स. वडा नं. २ कि.नं. १२० र वडा नं.३ कि.नं. ४४३, ४४५, ४४७, ५७९, ५५५ र ५५८ का जग्गा श्री सम्मानित कपिलबस्तु जिल्ला अदालत तौलिहवाको उ.मु.नं.४१० मिति २०२३।४।२४ गतेको फैसला र उ.मु.नं. १७५९ मिति २०२८।५।१६ गतेको फैसला बमोजिम तपशिल अनुसारको जग्गाको छुट जग्गा दर्ता गरी मेरो नाममा एकलौटी दा.खा.नामसारी गरी पाँउ भनि कृष्णनगर नगरपालिका वडा नं.१० को च.नं. ५९४ मिति २०८० ९९१९६ गतेको सिफारिस पत्र बमोजिम यस कार्यालयको द.नं. ४४२५ मिति २०८०।११।१७ मा निवेदन पेश गरेको हुदाँ उल्लेखित कि.नं. र क्षेत्रफलको जग्गा बद्री वनियाको नाममा छुट जग्गा दर्ता गरी निवेदक राम विलास प्रसाद गुप्ताको नाममा एकलौटी दा. खा. नामसारी गरी दिदा कसैको हकदैयामा असर पर्छ पदैन ? अन्य कोही कसैको हकभोग लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सबुद प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ ।

**तपशिलः**

| क्र.सं. | गा.वि.सं. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला ज.ध. | निवेदक |
|---|---|---|---|---|---|---|
| १ | महदैया | २ | १२० | ०-१-१३ | बद्री बनिया | राम विलास प्रसाद गुप्ता |
| २ | " | ३ | ४४३ | ०-१-१८ | " | " |
| ३ | " | " | ४४५ | ०-१-१० | " | " |
| ४ | " | " | ४४७ | ०-१-१२ | " | " |
| ५ | " | " | ५७९ | ०-१-१७ | " | " |
| ६ | " | " | ५५५ | ०-०-८ | " | " |
| ७ | " | " | ५५८ | ०-६-४ | " | " |

# Madhyabindu Municipality
## Office of Municipal Executive
Madhyabindu-7, Chormara, Nawalparasi (East of Bardghat Susta)
Gandaki Province, Nepal

# Invitation for Bids

**First Date of publication: 04/09/2082 (19/12/2025)**

1. Madhyabindu Municipality has own resources and has allocated funds towards the cost ofGoods and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Madhyabindu Municipality invites Electronic Bids from eligible bidders for the following Medical Equipments.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at office of Madhyabindu Municipality, Office of Municipal Executive, Chormara, Gandaki Province, Nepal. Ph: 078-410125 or may visit PPMO website www.bolpatra.gov.np/egp.
4. Bidder shall download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders should deposit the cost amount mentioned above as a non-refundable fee of bidding document in the Project's Rajaswa (revenue) account as specified above and the scanned copy (pdf format) of the Bank deposited voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

| Identification No. | Description of work | Procurement Type | Cost of Bidding Document Nrs. | Bid security Amount Nrs. | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|
| 09/NCB /MB/GOODS/ 2082/83 | Procurement of Medical Equipment for Municipal hospital of Madhyabindu Municipality | NCB-GOODS | 3000/- | 3,50,000 | 90 days/ 120 days after bid opening | 2026-01-20 12.00 | 2026-01-20 14.00 |

**Chief Administrative Officer**

# Tilottama Municipality
## Office of Municipal Executive
**Kunjalapur, Manigram, Rupandehi**

## Invitation for Only Electronic Bids

1. Tilottama Municipality, Office of Municipal Executive Invites Electronic Bids/Seal Quotations from Eligible Bidders for following projects.

**Date of Publication: 2082/09/04**

| S.N. | Name of Project | Contract ID. | Estimated Amount (with P.S. & VAT ) | Price Of Bid Document NRs. | Bid Security Amount NRS. & Bid Security Validity Period : 120 Days for NCB & 75 days for SQ | Last Date, Time of bid Submission and Opening | Bank A/C Details (For cost of bid Document &Bid Security Amount) |
|---|---|---|---|---|---|---|---|
| 1. | Sakhuwani Chok Dekhi Pashchim Tharu Gau Hudai Purano sadak Jodne sadak kalopatre, Tilottama-15, Rupandehi | NCB/TM/W/ 35/082/83 | 8814185 | 3000 | 200000 | 31st day for NCB, 16th day for SQ & 16th day for Re-Bidding from Publication, before 12:00 hrs and 13:00 hrs Respectively | Name Of Account:- : Tilottama Municipality ,Office of Municipal Executive, Manigram,Rupandehi<br>Account Details. |
| 2. | Pashchim Darkhasawa Naya Tol sadak Kalopatre Yojana, Tilottama17, Rupandehi | NCB/TM/W/ 36/082/83 | 8815891 | 3000 | 200000 | | NIC Asia Bank, Manigram, Rupandehi<br>Rajaswa (Revenue) Khata no:- 1052055499599012, |
| 3. | Ward karyalaya dekhi uttar bikash gurung ko ghar samma kalopatre, Tilottama-15, Rupandehi | SQ/TM/W/ 37/082/83 | 1172464 | 1000 | 25000 | | Dharauti Khata no:- A5CA 549959952403<br>Office Code :- 801054802 |

| S.N. | Name of Project | Contract ID. | Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years | Price Of Bid Document NRs. | Bid Security Amount NRS. & Bid Security Validity Period : 120 Days for NCB & 75 days for SQ | Minimum Work experience of similar size and nature | Minimum Required Bid Capacity |
|---|---|---|---|---|---|---|---|
| 1 | Simanagar hatbazar Nirman Yojana, Tilottama, Rupandehi | NCB/TM/W/ 38/082/83 | 63.67 Millions | 5000 | 1200000 | 16.98 Millions | 42.45 Millions |

2. Eligible Bidders may obtain further information from the (Phone no. 071-562979, website: www.tilottamamun.gov.np) Tilottama Municipality, Office of Municipal Executive , Manigram, Rupandehi or may download bidding document from PPMO's e-GP system www.bolpatra.gov.np/egp under name of Tilottama Municipality, Office of Municipal Executive.
3. Interested bidders shall register in e-GP system and shall summit their bid / quotations through PPMO's e-GP system www.bolpatra.gov.np/egp system before above mentioned date & time.
4. Tender Procedures shall follow Public Procurement Act -2063 (with amendment) & Public Procurement Regulation -2064 (with amendment)

**Chief Administrative Officer**

# निर्णय लत्याउँदै इट्टा उद्योगहरू



मोहम्मद हबिब
*भैरहवा*

वातावरण प्रदूषण बढी हुने गरेको भन्दै उद्योग विभागले इट्टा पोल्ने कार्य प्रत्येक वर्षको पुष मसान्त पछिमात्रै शुरु गर्न भनेपनि केही इट्टा उद्योगले पुषमै इट्टा पोल्ने कार्य गरेको पाइएको छ।

२०८१ कार्तिक ३० गते औद्योगिक व्यवसाय ऐन २०७६ को दफा २० को उपदफा १० अनुसार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रिको अध्यक्षतामा बसेको औधोगिक तथा लगानी प्रवर्द्धन बोर्डको २४३औं बैठकले इट्टा उद्योगबाट हुने प्रदूषण न्यूनीकरण गर्न एवम् कामदारको स्वास्थ्यलाई समेत ध्यान दिई इट्टा पोल्ने कार्य प्रत्येक वर्षको पुष मसान्त पछि मात्र सुरु गर्नको लागि इट्टा उद्योग दर्ता गर्ने निकायहरूलाई आवश्यक व्यवस्था मिलाउन निर्देशन दिए पनि केही जिल्लामा पुषमै इट्टा पोल्ने काम सुरु भएको छ।

पुस महिनामा इट्टाभट्टामा आगो लगाउँदा मौसम प्रतिकुल गर्दै तराईमा शीत लहर, काठमाडौं उपत्यकामा बाक्ले हुस्सु लाग्ने गरेकाले वातावरण प्रदूषण बढी हुनेगर्छ। वातावरण मन्त्रालयले वातावरण प्रदूषण बढी हुने गरेको भन्दै व्यवसायीहरूलाई माघ देखि इट्टा पोल्न भनेको थियो। गत वर्ष यो नियम लागु भएपछि देशभरिका इट्टा उद्योगीहरुले माघ १ गतेदेखि मात्रै भट्टामा इटा पोल्न थाले पनि यो वर्ष निर्णयलाई नजरअन्दाज गर्दै दाङ, परासी र कपिलवस्तुमा इट्टा पोल्ने काम सुरु भएको छ।

गत वर्षदेखि लागु भएको यो नियमलाई लत्याउँदै कपिलवस्तुको दुई उद्योगले इट्टा पोल्ने कार्य समय अगाडि नै गरेका छन्। कपिलवस्तुको महाराजगंजमा अवस्थित जय माँ काली इट्टा उद्योग र बुद्धभूमिमा अवस्थित एन आर एस इट्टा उद्योगले समय अगावै इट्टा पोल्ने कामको सुरुवात गरेका छन्।

व्यवसायीलाई पनि मर्का नपर्ने र वातावरण प्रदूषणलाई पनि ध्यान दिएर नेपाल सरकार वातावरण मन्त्रालयको आग्रहलाई स्वीकार गर्दै गत वर्ष उद्योगीहरुले पहिलाभन्दा ढिला उत्पादन सुरु गरेका थिए। अहिले वातावरण प्रदूषण हुने विषयलाई बेवास्ता गर्दै समयभन्दा अगावै इट्टा पोल्न सुरुवात गरेका हुन्।

काचो इट्टाको उत्पादन गर्ने तर पोल्ने काम तोकेका समयमा गर्ने गरी अन्य जिल्लाका उद्योगीहरु तयारी गरिरहँदा केही उद्योगले निर्णयलाई नमान्दै पोल्ने काम नै सुरु गरेकोले अन्य उद्योगीहरु पोल्न सुरु गर्ने कि नगर्नेमा दोधारमा छन। नियमक निकायले नियमन र अनुगमन नगर्दा यसले वातावरणलाई असर पार्ने देखिन्छ।

कपिलवस्तुमा ११० वटा इट्टा उद्योग दर्ता भएकोमा केहीले समय अगावै इट्टा पोल्ने कार्य गरेको भए स्थलगत रुपमा गई तुरुन्त बन्द गर्न अनुरोध गर्ने घरेलु तथा साना उद्योग कार्यालय कपिलवस्तुका प्रमुख वरिष्ठ उद्योग अधिकृत सन्तोष खनालले बताए।

उनले गत वर्ष आएको परिपत्रअनुसार नै सबै स्थानीय तह र जिल्ला इट्टा उद्योग संघलाई गत वर्ष नै परिपत्र गरेको र कार्यान्वियन गर्नु उद्योगीको दायित्व रहेको बताए। यो वर्ष सबैलाई सम्पर्कमा ल्याई कार्यान्वयनका लागि अनुरोध गर्ने र सुरुवात गरेको पाइएमा जति सक्दो छिटो बन्द गराउने उनले जनाए।

घरेलु तथा साना उद्योग कार्यालय रुपन्देहीले पनि इट्टा उद्योगबाट हुने प्रदुषण न्यूनीकरण गर्न एवं कामदारको स्वास्थ्यलाई समेत ध्यान दिई परम्परागत प्रविधियुक्त इट्टा उद्योग जस्तै फिक्स चिम्नी भट्टा उद्योग दर्ता नगर्ने, हाल संचालनमा रहेका परम्परागत प्रविधीयुक्त ईटा उद्योगमा जिकज्याक प्रविधि अवलम्बन गर्ने, इट्टा पोल्दा भुसको प्रयोग नगर्ने र इट्टा उद्योगमा फाइरिङ पुष मसान्तपछि सुरु गर्ने परिपत्र गरेको छ। कसैले गरेको भए तुरुन्त रोकी निर्देशित मिति पछि मात्रै सुरु गर्ने, परम्परागत चिम्नीलाई आधुनिक प्रविधिमा रुपान्तरण गरी वातावरण प्रदुषण न्यून हुने गरी उद्योग सञ्चालन गर्ने गराउने निर्णय भएको कार्यालयकी प्रमुख शारदा भट्टराईले जानकारी दिइन।

ईटा पोल्न सुरुवात गरेका एनआरएस ईटा उद्योगका व्यवस्थापक पशुपति अर्यालले खर्च धान्ने उपाय नभएकोले, बैंकको ताकेताका कारण र पुँजीले धान्ने स्थिती नभएकोले बाध्यतावस मर्नु भन्दा तोकेको समय भन्दा अगाडि फाइरिङ्ग गरेको बताए।

स्टक पनि सकिएकोले र यो वर्ष त्यस्तो कुनै जानकारी नआएकोले उपाय केही नभएपछि पोल्ने कार्य सुरु गरेको हो। उनले यसमा राज्यले पनि सहजीकरण गर्नुपर्ने बताए।

लागतभन्दा कम मूल्यमा बिक्री गर्नुपर्ने बाध्यता छ, ६० प्रतिशत उद्योग बन्द भए पनि हामीले बन्द गर्नु नमिलेको जे जस्तो छ चलाउने भनेर सञ्चालन गरिरहेको व्यवस्थापक अर्यालले भने।

नेपाल इट्टा उद्योग व्यवसायी महासंघका सचिव बाबुराम पाठकले केही उद्योगीले राज्यको कानुन विपरित समय अगावै आगो लगाउने कार्य गरेको सुन्नमा आएकोले यो काम गलत भएकोले महासंघ भर्त्सना गर्दछ। गत वर्ष पनि छिटफुट रुपमा भएको र यो वर्ष नहोस् भन्ने चाहना हो। प्रदूषण नियन्त्रण र मौसमको प्रतिकुलताको कारण सरकारले यो निर्णय गरेकोले समय अगाडि गरेको भए रोक्नु पर्ने उनले जनाए।

हामीले जिल्लामा सञ्चालित सबै उद्योगलाई सरकारको अनुरोधलाई स्वीकार गरी गतवर्ष जस्तै नै माघ १ गतेदेखि मात्रै इट्टा पोल्न अनुरोध गरेको लुम्बिनी इट्टा उद्योग व्यवसायी संघ रुपन्देहीका अध्यक्ष सुनिल सिन्धीले बताए। रुपन्देहीका अधिकांश उद्योग अहिले काचो इट्टा बनाउने तयारीमा जुटेको र माघको सुरुवातसँगै भट्टीमा आगो लगाउने काम हुने उनले बताए। यहाँका इट्टाभट्टामा नेपाल र भारतबाट मजदुर परिवारसहित इट्टा बनाउन आउने गर्छन्। नेपालभरि ११ देखि १२ सय इट्टा उद्योग रहेको तथ्यांक छ।

# कालिका कपमा विभिन्न खेल जारी

बुटवल। कालिका मानवज्ञान माविको ६५औं वार्षिकोत्सवको अवसरमा जारी कालिका कप-२०८२ मा जिल्लास्तरीय छात्र-छात्रा भलिबल प्रतियोगिता र कबड्डी प्रतियोगितामा नकआउट चरणका सबै खेल सकिएका छन्। बिहीबार विद्यालयमा भएको जिल्लास्तरीय मावि छात्र भलिबल प्रतियोगीतामा ७ वटा विद्यालय अघिल्लो चरणमा प्रवेश गरेका छन्। पहिलो खेल अक्सफोर्ड मावि र सगरमाथा माविका बिचमा भएकोमा २-० ले अक्सफोर्ड विजयी भएको छ। यस्तै एभरेष्ट मावि र मणिमुकुन्दका बिचमा भएको खेलमा मणिमुकुन्द सोभ्mो सेटमा विजयी भएको छ।

न्यू होराइजन र उजिरसिंह माविका बिचमा भएकोमा सोभ्mो सेटमा न्यू होराइजन विजयी भएको छ। यस्तै कालिका मानवज्ञान मावि र सैनामैना माविका बिचमा भएको खेलमा सैनामैना मावि २-१ सेटले विजयी भएको छ। दीप बोर्डिङ् मावि र देवदह पब्लिकाबिचमा भएकोमा देवदह पब्लिक मावि सोभ्mो सेटले विजयी भएको छ भने सेन्ट जोसेफ र पशुपति माविको बिचमा भएको खेलमा सेन्ट जोसेफ मावि सोभ्mो सेटले विजयी हुँदै अघिल्लो चरणमा प्रवेश गरेको विद्यालयका खेलकुद समिति सदस्य शिक्षक हिरामान प्रधानले जानकारी दिए।

यस्तै छात्र भलिबलको सातौ खेल कान्ति मावि र सीता माविका बिचमा भएकोमा सीता मावि २-१ ले विजयी भएको हो।

यस्तै छात्रा भलिबल प्रतियोगीतामा कालिका मानवज्ञान मावि र नविन माविका बिचमा भएको खेलमा नविन मावि सोभ्mो सेटले विजयी हुँदै अघिल्लो चरणमा प्रवेश गरेको छ। यस्तै न्यू होराइजन मावि र दीप बोर्डिङ्को बिचमा भएकोका न्यू होराइजन सोभ्mो सेटले विजयी भएको हो। यस्तै एभरेष्ट मावि र बुद्ध पब्लिकका विचमा भएकोमा २-१ ले एभरेष्ट मावि, कान्ति मावि र नविन माविका बिचमा भएकोमा २-१ ले नविन मावि र कुँवरवर्ती मावि र सीता माविका बिचमा भएको खेलमा सोभ्mो सेटले कुँवरवर्ती मावि विजयी हुँदै अघिल्लो चराणमा प्रवेश गरेको हो। कबड्डी प्रतियोगीता तर्फ छात्र मा नविन मावि, अक्सफोर्ड मावि, इड्न बोर्डिङ्, कालिका मानवज्ञान मावि, मणिमुकुन्द मावि विजयी भएर अघिल्लो चरणमा प्रवेश गरेका छन्। छात्रातर्फ पशुपति मावि, कालिका मानवज्ञान मावि, नविन मावि र कान्ति मावि विजयी भएर अघिल्लो चरणमा प्रवेश गरेका हुन्।

कालिका मानवज्ञान माविले पुस ६ गते सेक्टर २ मा छात्रवृत्ति वितरणसहित सम्मान कार्यक्रम आयोजना गरेको छ भने मुल समारोह पुस ७ गते कालिकानगर सेक्टर १ मा हुनेछ।

# चितवन राष्ट्रिय निकुञ्जमा बाघ गणना सुरु

चितवन। चितवन राष्ट्रिय निकुञ्जमा बिहीबारदेखि बाघ गणना सुरु गरिएको छ। बाघ गणनाका लागि यही पुस १ र २ गते तालिम दिएपछि एक सय ५० जना गणकहरू आजदेखि कार्यक्षेत्रमा खटिएका हुन्।

निकुञ्जका सूचना अधिकारी अविनाश थापा मगरका अनुसार त्रिवेणी, अमलटारी, कसरा, हुँदै बरणडाभार क्षेत्रमा गणकहरू खटिएका छन्। उनले पहिलो भागअन्तर्गत यस क्षेत्रमा दुई सय ८६ वटा ग्रिड बनाएर गणना गरिने जानकारी दिए। उनले भने-"एउटा ग्रिडमा एक जोडी स्वचालित क्यामेरा राखिने छ।"

चितवन राष्ट्रिय निकुञ्ज र पर्सा राष्ट्रिय निकुञ्जलाई एउटा ब्लक बनाएर बाघ गणना गर्न लागिएको जनाउँदै मगरले उक्त ब्लकलाई तीन भागमा विभाजन गरिएको बताए। उनका अनुसार एउटा भागमा दुई साता क्यामेरा राखी बाघ गणना गरिने छ। चितवन-पर्सा ब्लकमा नौ सय ५८ वटा ग्रिड बनाएर बाघ गणना गर्न लागिएको उल्लेख गर्दै सूचना अधिकारी मगरले यसको अर्थ दुई वर्ग किलोमिटर क्षेत्रलाई एउटा ग्रिड बनाएर गणना गरिने जानकारी दिए।

"योसँगै बाघ भएका बाँके, बर्दिया र शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पनि गणना गरिँदै छ। तीन महिना लगाएर बाघ गणना गर्न लागिएको हो। हरेक चार/चार वर्षमा बाघ गणना गरिँदै आइएको छ।"-मगरले भने। निकुञ्जका कर्मचारी, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक, स्थानीय स्वयंसेवी, विद्यार्थी र संरक्षणका साभ्mेदारहरू गणनामा सहभागी भएका उनले जनाए।

ग्रिडहरू बीचभागमा पर्ने स्थानमा गणना गर्ने प्राविधिक क्याम्प (शिविर) सथापना गरी गणकका लागि बस्ने व्यवस्था गरिएको निकुञ्ज कार्यालयले जनाएको छ। गणकहरूले भूगोल अनुसार आठदेखि १२ सम्मको ग्रिडमा राखिएका क्यामेरा दैनिक अनुगमन गर्ने उनले बताए।

"ग्रिडबाट क्यामेरा निकालेपछि अध्ययन थालिने छ। बाघ गणना गर्दा बाघ बढी ओहोरदोहोर गर्ने स्थानमा स्वचालित क्यामेरा राखिने छ। ती क्यामेराले बाघको फोटो खिच्ने गर्दछ।"-सूचना अधिकारी मगरले भने। बाघको फोटो हेरेर तिनीहरूको शरीरमा भएका पाटाका आधारमा संख्या छुट्याइने उनले बताए।

"हरेक बाघको पाटा फरक-फरक हुने गर्दछन्। पहिलो कम्प्लेक्स (समूह) यो हो भने दोस्रो बाँके र बर्दिया राष्ट्रिय निकुञ्जलाई बनाइएको छ। त्यहाँभित्र पनि तीन वटा ब्लक हुनेछन्। तेस्रो कम्प्लेक्स शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज र लालभ्mण्डी हुनेछ। यसलाई एउटै ब्लक बनाइने छ।"-उनले भने।यसअघि, सन् २०२२ मा गरिएको बाघ गणनामा नेपालमा तीन सय ५५ वटा वयस्क बाघ रहेका तथ्याङ्क सार्वजनिक भएको थियो। सो गणनामा चितवनमा एक सय २८, बर्दियामा एक सय २५, बाँके निकुञ्जमा २५, पर्सामा ४१ र शुक्लाफाँटामा ३६ वटा बाघ भेटिएका थिए। बाघ गणना भएपछि गैंडा गणना गर्ने तयारी गरिने निकुञ्ज कार्यालयले जनाएको छ। गत वर्ष गैंडा गणना गर्ने कार्यक्रम बजेट अभावका कारण रोकिएको थियो।

# जिल्लास्तरीय अन्तर क्याम्पस पुरुष भलिबल प्रतियोगिता सुरु



देवदह। रुपन्देहीको देवदहमा जिल्लास्तरीय अन्तर क्याम्पस पुरुष भलिबल प्रतियोगिता सुरु भएको छ। स्वतन्त्र विद्यार्थी यूनियन देवदह आर्दश बहुमुखी क्याम्पसको आयोजनामा उक्त प्रतियोगिता सुरु भएको हो।

देवदह आर्दश बहुमुखी क्याम्पसको १७औं क्याम्पस सभाको अवसरमा आयोजित प्रतियोगिताको देवदह नगरपालिकाका उपप्रमुख विद्यालक्ष्मी गुरुङ्गले उद्घाटन गरेकी हुन्।

प्रतियोगितामा रुपन्देही जिल्लाका २० वटा क्याम्पसको सहभागिता रहेको क्याम्पस प्रमुख जयकिशनत अधिकारीले जानकारी दिए। क्याम्पसहबिच एक आपसमा सद्भाव कायम गर्ने गरी प्रतियोगिताको आयोजना गरिएको उनले जानकारी दिए। प्रतियोगिताका विजेता टिमले नगद ५१ हजार, ट्रफी र मेडल, उपविजेता टिमले नगद ३१ हजार, ट्रफी, मेडल र तृतीय हुने टिमले नगद ११ हजार, ट्रफी, मेडल प्राप्त गर्ने क्याम्पसले जनाएको छ।

प्रतियोगिताको उद्घाटन खेलमा देवदह आर्दश बहुमुखी क्याम्पस सेता दोश्रो चरणमा प्रवेश गरेको छ। खेलमा ग्रिन प्लान्ट आवासीय माध्यमिक विद्यालयलाई २-१ को सेटमा हराउदै देवदह आर्दश बहुमुखी क्याम्पस दोश्रो चरणमा प्रवेश गरेको हो। खेलमा २५-१६, १५-९ मा दुई सेट जित्दै देवदह आर्दश बहुमुखी क्याम्पस दोश्रो चरणमा प्रवेश गरेको हो। खेलमा ग्रिन प्लान्ट आवासीय माविले २५-२० मा एक सेट जित्न सफल भएको थियो।

यसैगरी प्रतियोगिताअन्तर्गत विभिन्न खेलहरु सम्पन्न भएका छन्। प्रतियोगिता अर्न्तगत सगरमाथा क्याम्पस, लुम्बिनी वाणिज्य क्याम्पस, कालिका क्याम्पस दोश्रो चरणमा प्रवेश गरेको छ। खेलमाअन्तर्गत बुटवल बहुमुखी क्याम्पस अनुपस्थित भएपछि वाकओभरको आधारमा भविश्य निर्माण मावि विजेता हुँदै दोश्रो चरणमा प्रवेश गरेको छ। स्वतन्त्र विद्यार्थी यूनियन देवदह आर्दश बहुमुखी क्याम्पसका सभापति आश्विन न्यौपानेको अध्यक्षतामा भएको उद्घाटन कार्यक्रममा जिल्ला भलिबल संघ रुपन्देहीका अध्यक्ष सुरेन्द्र शाक्य, क्याम्पसका अध्यक्ष बासुदेव रिमालगायतको उपस्थिति रहेको थियो। स्वतन्त्र विद्यार्थी यूनियन देवदह आर्दश बहुमुखी क्याम्पस सदस्य सन्दिप वस्यालको स्वागत र पूर्व कोषाध्यक्ष शोभराज जैसीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो।


## छत्रकोट गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**
**चोयगा, गुल्मी**
**लुम्बिनी प्रदेश, नेपाल**

### नदीजन्य पदार्थको बिक्रीका लागि शिलवन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

(तेस्रो पटक प्रकाशित मिति :- २०८२/९/३)

स्थानीय सरकार सञ्चालन ऐन 2074, को दफा 62 (क), लुम्बिनी प्रदेशको आर्थिक ऐन, 2082 र ढुङ्गा, गिट्टी, बालुवा उत्खनन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, 2077 मा भएको व्यवस्थाबमोजिम तपसिलमा उल्लिखित नदीहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी छत्रकोट गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. 2081/82 को कर चुक्ता प्रमाणपत्र वा म्याद थपको पत्रको प्रतिलिपी र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु संलग्न गरी तपसिल बमोजिमका सर्तहरुको अधीनमा रही शिलवन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| सि.नं | सूचनानं. / दरभाउपत्र नं. | दरभाउपत्रको नाम | उत्खनन परिणाम (घन फिट) | न्यूनतम दरभाउपत्र ( सेवाशुल्क र रकम मू.अ. कर बाहेक) | धरौटी रकम | दरभाउपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|
| १ | CRM/Gul/ M/SQ-04/ 082-083 | छत्रकोट गाउँपालिका वडा नं. ४ रिडिखोला (जगल्टेखोला क्षेत्र र वोहाघाट क्षेत्र ) किनार अन्तर्गतका क्षेत्रहरु | ७७,३३९.१७ | ४,६४,०३५.०२ | कबोल अङ्कको कम्तीमा ५ प्रतिशतले हुने रकम | रु. १०००।- |
| २ | CRM/Gul/ M/SQ-05/ 082-083 | । छत्रकोट गाउँपालिका वडा नं. ५ र ६ खर्ज्याङ्गखोला ( दोमइ खोलादेखि प्रतिशतले बाह्रबिसेसम्म बुछुङ्दी देखि दाङ्जा क्षेत्र नौबिसे सम्म पर्ने खोला) किनार अन्तर्गत पर्ने क्षेत्रहरु | ६९९७०.६६३ | ४,१९,८२३.९८ | | रु. १०००।- |

**शर्तहरुः**

नोटः- सूचनाको विस्तृत विवरण छत्रकोट गाउँपालिकाको वेवसाईट www.chhatrakotmun.gov.np मा उपलब्ध गराईएको छ। साथै थप जानकारीको लागि 9857067908, 986125352 मा सम्पर्क गर्नुहुन जानकारी गराईन्छ।

**प्रमुख प्रशासकीय अधिकृत**



## राष्ट्रिय झण्डाको सम्मान गरौं।

**राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाईंदैन:**

- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न
- व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन।
- शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री-बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक-चिन्ह राख्न।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं।

**राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं।**

**नेपाल सरकार विज्ञापन बोर्ड**



## आकर्षक डिजाइन तथा छपाई

**सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्!**

**आइडिया**
**डिजाइनर्स/अफसेट प्रेस**

सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
## न्यू कुमकुम ज्वेलर्स
**बि.पि. चोक, बुटवल-४, रुपन्देही**
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com